PRATEEK DAILY

# प्रतीक दैनिक

eprateekdaily.com

राष्ट्रिय 'क' वर्ग



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratee kdaily.com

लागुऔषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ। यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहने प्रयत्न गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

❖ वर्ष ३४ ❖ २०७७ फागुन २० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 04 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८८

## मुलुकलाई असहज अवस्थाबाट निकास दिन नेका तयार -देउवा

प्रस, गरुडा, १९ फागुन/

नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले



सभापति देउवालाई मालाले स्वागत गर्दै । तस्वीरः प्रतीक

मुलुकलाई वर्तमान असहज अवस्थाबाट आवश्यक परे निकास दिन नेपाली काङ्ग्रेस तयार रहेको बताएका छन् ।

रौतहटको गढीमाई नगरपालिका–६ धर्मपुर–सिङ्गारवन गाउँमा बुधवार विष्णु महायज्ञको उद्घाटन गर्दै देउवाले नेकपाको आन्तरिक विवादका कारण दुई तिहाइको सरकार अप्ठ्यारोमा परेको र मुलुक असहज अवस्थामा पुगिसकेको बताए । यसै असहज अवस्थामा देश रहिरहन नसक्ने हुँदा असजताको निकासको लागि नेपाली काङ्ग्रेस आवश्यकता अनुसारको भूमिका निर्वाह गर्न तयार रहेको बताए ।

सत्ता सञ्चालन कसरी गर्ने भन्ने विषयमा नेकपाभित्र गुटगत आन्तरिक स्वार्थले काम गरेको र सोही विवादको कारण सिङ्गो मुलुक नै अनिर्णयको बन्दी बन्न पुगेको बताउँदै देउवाले देश राजनीतिक अस्थिरतातर्फ धकेलिएको बताए । सभापति देउवाले सङ्घीय गणतन्त्रलाई जोगाउन आवश्यकता परेको खण्डमा सबै कुरामाथि विचार गरेर नेपाली काङ्ग्रेसले सकारात्मक भूमिका निर्वाह गर्ने स्पष्ट पारे ।

धार्मिक कार्यक्रममा पुगेका देउवाले सनातन हिन्दू धर्मसहित अन्य धर्म मान्ने समुदायको रक्षार्थ नेपाली काङ्ग्रेस लागिपरेको हुँदा नेपाललाई शान्ति एवं अहिंसाको मुलुक बनाउनेतर्फ आफ्नो भूमिका सधैं सकारात्मक रहने पनि स्पष्ट पारे ।

कार्यक्रममा पूर्व गृह राज्यमन्त्री तथा नेपाली काङ्ग्रेस मकवानपुरका अध्यक्ष इन्द्र बानियाँले धरमपुरबाट धर्मको यात्रा शुरू भएको, सनातन हिन्दू धर्मसहित अन्य धर्म मान्नेहरूको धार्मिक स्वतन्त्रताको पक्षमा उचित सम्मान गर्दै नेपाली काङ्ग्रेस नेपाली जनताको पक्षमा मुलुकलाई निकास दिन तयार रहेको बताए ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका विभिन्न तहका नेताहरूले पनि मन्तव्य राखेका थिए। ठूलो जनसहभागिता रहेको कार्यक्रममा नेपाली काङ्ग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरूको पनि सहभागिता थियो । कार्यक्रममा गढीमाई नगरपालिकाको तर्फबाट नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले १०५ किलोको माला लगाएर देउवालाई स्वागत गरेका थिए ।

महायज्ञ फागुन २९ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ। महायज्ञस्थलमा विभिन्न खेलतमासा, रासलीला, रामलीलासहितका विभिन्न झाँकीहरू प्रदर्शन गर्न भारतबाट कलाकारहरू आएको बताइएको छ ।

## १ कट्ठा जग्गा मन्दिरलाई दान

प्रस, पर्सागढी, १९ फागुन/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडी सडकखण्डमा रहेको एक कट्ठा जग्गा बुधवार खड्काले पर्सागढी



मालपोत कार्यालय, पर्सामा जग्गा नामसारी गर्दै । तस्वीरः प्रतीक

बर्वाटाँडीका भीमबहादुर खड्काले मन्दिरलाई एक कट्ठा (करीब ३५ लाख मूल्यबराबरको) जग्गा दान गरेका छन्। शिवपार्वती मन्दिर व्यवस्थापन समितिको नाममा भूमिसुधार तथा मालपोत

(बाँकी अन्तिम पातामा)

## भारतीय पक्षले ओरिया खोलामा उत्खनन गर्न नपाउने

प्रस, सेढवा, १९ फागुन/

जगरनाथपुर गाउँपालिका–१ पिपडाढीस्थित ओरिया खोलामा भारतीय पक्षबाट हुने अवैध उत्खनन रोकिएको



नेपाल–भारतका सरोकारवालाबीचको बैठक । तस्वीरः प्रतीक

छ ।


गत माघ ३० गते भारतीय पक्षले अवैध उत्खनन गर्दा स्थानीय र सशस्त्र प्रहरीले रोक्न खोज्दा दुईजना सशस्त्र प्रहरी घाइते भएपछि स्थानीय प्रशासनले भारतीय पक्षसँग सहकार्य गरेर उत्खनन रोक्न सफल भएको हो ।

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङको पहलमा भारतीय पक्षबाट पूर्वी चम्पारणका एसडिएम साइला हर र एसएसबीका अधिकारीहरूसँग बैठक गरी ओरिया खोलामा भारतीय पक्षबाट भइरहेको अवैध उत्खनन रोकिएको हो ।

दुईजना सीमा अधिकारीबीचको बैठकले नेपाली भूमिमा अवैध उत्खनन गर्ने र सिमाना कायमका लागि दुई देशका

(बाँकी अन्तिम पातामा)

## हार्दिक समवेदना



स्व. हेमनारायण चौधरी


**जन्मः** २००१/६/०१

**स्वर्गारोहण** २०७७/११/१९

थारू कल्याणकारिणी समिति पर्साका अध्यक्ष तथा थारू समुदायका असल नेतृत्व, अभिभावक, सामाजिक व्यक्तित्व **हेमनारायण चौधरी**ज्यूको असामयिक निधनले हामी मर्माहत भएका छौं। दिवङ्गत आत्माको चिरशान्ति तथा वैकुण्ठबासको कामना गर्दै शोकाकुल परिवारप्रति दुःखको यस घडीमा धैर्यधारण गर्ने शक्ति भगवान्ले प्रदान गरून भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

**ठाकुरप्रसाद महतो**
**कार्यवाहक अध्यक्ष**
**थारू कल्याणकारिणी समिति पर्सा**

ओमप्रकाश चौधरी
अध्यक्ष
थारू पत्रकार सङ्घ नेपाल पर्सा



**आफ्नो चरित्रलाई यत्नपूर्वक रक्षा गर्नुपर्छ। धन आउँछ र जान्छ। धन नष्ट भएपनि केही नष्ट हुँदैन तर चरित्र नष्ट भएपछि व्यक्ति पूर्णरूपेण नष्ट हुन्छ।**

**-विचारसार एवं सूक्तिहरू**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नेकपा र नैतिकता

**अदालतले संसद् पुनर्स्थापना गरिदिएपछि फागुन २३ गतेदेखि प्रतिनिधिसभाको अधिवेशन शुरू हुँदैछ। प्रचण्ड–माधव समूहले प्रधानमन्त्री ओलीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने माग गरिरहेका छन् । राजीनामा नदिए अविश्वासको प्रस्तावमार्फत ओलीलाई पदच्युत गर्ने तयारीमा प्रचण्ड–माधव समूह जुटेको छ । शीर्ष नेतृत्व तहमा जुट्नै नसक्ने दरार परेपछि सोही दलका वामदेवहरू पुनः एकताको प्रयासमा छन्। ओलीलाई कुर्सीबाट हटाउनका लागि ओलीइत्तरका नेकपाले कम्तीमा पनि नेपाली काङ्ग्रेससँग सहमति गर्नुपर्छ। सहमतिका निम्ति नेका सभापति देउवा र जसपाका शीर्ष नेताहरूकहाँ पुगेका प्रचण्ड र माधवलाई दलको आधिकारिकताबारे प्रश्न आएपछि नाजवाफ बन्नुपरेको छ। नेका र जसपाले नेकपासँगको सहकार्यमा पटक–पटक धोखा खाइसकेकोले पनि उनीहरूले प्रश्न उठाउनु स्वाभाविक छ।**

**कानूनीरूपमा नेकपा एउटै पार्टी हो । ओली र प्रचण्ड–माधवले जति पनि हर्कत गरेका छन् वा पार्टी फुट्यो भनेर जुन प्रचार गरिरहेका छन्, त्यसको कुनै तुक छैन । एकीकरणदेखि एकताको महाधिवेशनसम्म पार्टी चलाउन नेकपाको अन्तरिम विधान २०७५ र नियमावली, २०७५ जारी छ। नेकपाको अन्तरिम विधान धारा १८ को (झ) 'अध्यक्षको काम, कर्तव्य र अधिकार' अन्तर्गत ७ मा 'दुवै अध्यक्षले राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालय बैठकको संयुक्तरूपमा वा आपसी सल्लाहमा दुईमध्ये एकले वा बैठकमा एकजना मात्रै उपस्थित भएमा निजले अध्यक्षता गर्ने। पार्टीको आधिकारिक निर्देशन र पत्राचारमा दुवै अध्यक्षले वा आपसी सल्लाहमा एक अध्यक्षले हस्ताक्षर गर्ने' भनिएको छ । सोही धाराको (घ) १ मा एकताको महाधिवेशनसम्मका लागि दुई अध्यक्ष, दुई वरिष्ठ नेता, एक प्रवक्ता, एक महासचिवसहित ४४१ सदस्यीय केन्द्रीय कमिटी' रहने उल्लेख छ । केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहन्छ। प्रचण्ड, ओली दुवै तत्कालीन आआफ्नो दलको केन्द्रीय कमिटीले बनाएको नभई राष्ट्रिय महाधिवेशनबाट आएका हुन् । त्यसैले उनीहरूको समापन पनि भोलि एकताको महाधिवेशनले नै गर्नुपर्ने कुरा घाम जत्तिकै छर्लङ्ग छ।**

**यसर्थ ओली र प्रचण्डले आपसी सहमतिविना आ–आफ्नो गुटमा बसेर गरेको बैठक नै विधानसम्मत नभएपछि त्यस्ता बैठकमा जेसुकै निर्णय भएपनि बहसको विषय बन्न सक्दैन। नेका र जसपाका नेताहरूले यो कुरा बुझेका छन् । अहिले नेकपाका दुवै पक्षले गरिरहेका दाबी, जिकिरहरू 'मेरै गोरुको बाह्र टक्का' मात्रै हो । जनता र कार्यकर्तामा भ्रम फैलाएर संवैधानिक निकायहरूलाई अलमलमा पारेर धमिलो पानीमा माछा मार्ने नियोजित षड्यन्त्र मात्रै हुन्। अदालतबाट हारेका ओलीमा नैतिकता देखिएन । सचिवालयको निर्णायक मतमा रहेका वामदेव समय छउन्जेल पार्टी जोगाउनुभन्दा स्वार्थको बार्गेनिङमा लागेकाले उनमा पनि नैतिकता देखिएन। ओलीलाई संसदीय दलको नेताबाट हटाएपछि प्रधानमन्त्री पद स्वतः जान्छ । यसो गर्न नसक्ने तर सांसदलाई समेत ढाँटेर पार्टी निर्णयविना नै पछिको मितिमा हस्ताक्षर लिई अविश्वासको प्रस्ताव दर्ता गर्ने प्रचण्ड–नेपालमा झन नैतिकता देखिएन । फेरि पनि अविश्वासको प्रस्ताव आयो भने अब चाबी नेकाको हातमा छ। यसर्थ नेका र जसपाले नेकपालाई सधैंको लागि फुटाउनेतर्फ नै पाइला चाल्ने पनि निश्चित छ।**

# प्रदेशको प्रचारमा उचित चासो

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**प्रदेश दुई धेरै दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ। यस प्रदेशका अन्य महत्त्वपूर्ण कुराहरू के के हुन्। कुन दृष्टिकोणले महत्त्व रहेको छ ? वास्तवमा प्रदेशको बारेमा मन्थन हुनु जरुरी छ। यस प्रदेशलाई चिनाउनुपरेको छ। यस प्रदेशको बारेमा यस प्रदेशका बासिन्दालाई नै बताउनुपरेको छ...**

देश सङ्घीय संरचनामा गएपछि अहिलेको प्रदेशको सीमाङ्कन भएको हो। यो प्रदेशको नामकरण अझै हुन सकेको छैन । नामकरण हुन नसके पनि यस प्रदेशको आफ्नो खाका रहेको छ । प्रदेशको नामकरण पछि हुँदै गर्ला। यो राजनीतिक विषय पनि हो । शुरूमैं प्रदेशको सीमाङ्कन भएको समयमा पूर्वबाट प्रदेशलाई सङ्केत गर्न एक र सबैभन्दा पश्चिमको प्रदेशलाई सात नाम दिइएको थियो। यसै क्रममा यस प्रदेशको सङ्केत प्रदेश नम्बर दुई भनेर गरिएको थियो र अहिलेसम्म यस प्रदेशलाई यही प्रदेश दुई भनेर चिनिंदै आएको छ र यसै नामबाट यस प्रदेशको काम पनि भइरहेको छ। प्रदेशको नाम राख्ने क्रममा अन्य प्रदेशहरूले सफलता पाइसकेका छन् र केही प्रदेशको नामकरण हुन बाँकी छ, जसमा यो प्रदेश पनि रहेको छ।

प्रदेशमा आठवटा जिल्ला रहेका छन्। पूर्वबाट सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा। यस प्रदेशका जिल्लाहरूको नाम सजिला छन् र सजिलै सम्झना हुने योग्य भएकोले यति त धेरैलाई थाहा नै रहेको छ। यस प्रदेशको पर्साको सदरमुकाम वीरगंज, बाराको सदरमुकाम कलैया, रौतहटको सदरमुकाम गौर, सर्लाहीको सदरमुकाम मलङ्वा, महोत्तरीको सदरमुकाम जलेश्वर, धनुषाको जनकपुर, सिराहाको सिराहा र सप्तरीको राजविराज रहेको छ। जिल्ला सदरमुकामबाहेक यस प्रदेशका अन्य प्रमुख बजारहरूमा जीतपुरसिमरा, लहान, चन्द्रपुर, गरुडा, बरहथवा, गौशाला, बर्दिबास, ईश्वरपुर, लालबन्दी, गोलबजार, मिर्चैया, निजगढ, महेन्द्रनगर आदि रहेका छन्। यस प्रदेशको पूर्वमा प्रदेश एक, उत्तरमा प्रदेश एक र तीन (वाग्मती प्रदेश) पश्चिममा वाग्मती प्रदेश र दक्षिणमा भारतको बिहार राज्य पर्दछन्। यस प्रदेशको चार किला यति नै हो । यस प्रदेशका मुख्य नदीहरूमा पूर्वमा कोशी पर्दछ । यदि कोशीलाई साझा नदी मान्ने हो भने यस प्रदेशको मुख्य नदी वाग्मती हो । वाग्मतीपछि दोस्रो ठूलो नदी कमला हो । यीबाहेक हरेक जिल्लामा सानातिना अन्य नदीहरू रहेका छन्।

यस प्रदेशमा तीनवटा विमानस्थल रहेका छन् । काठमाडौंदेखि सबैभन्दा नजीकको विमानस्थल सिमरा रहेको छ। प्रदेशको अस्थायी राजधानी जनकपुरका साथै राजविराजमा पनि विमानस्थल रहेको छ। प्रदेशमा रेलसेवा सञ्चालनको तयारी रहेको छ । रेलसेवा विस्तार भइरहेको पनि छ। यसैगरी, यस प्रदेशमा यातायातको सुविधा सबैभन्दा राम्रो रहेको देखिएको छ। हरेक जिल्ला सदरमुकाम र हरेक जिल्लाका मुख्य बजारहरूसम्म पक्की सडक पुगिसकेको छ।

सामाजिक दृष्टिकोणले हेर्ने हो भने २०६८ को राष्ट्रिय जनगणना अनुसार यस प्रदेशमा सबैभन्दा बढी यादवको बसोबास रहेको छ । प्रदेशमा १४.८० प्रतिशत यादव, ११.५९ प्रतिशत मुस्लिम, ५.२७ प्रतिशत थारू, ५.१० प्रतिशत तेली, ४.५६ प्रतिशत कोइरी, ४.२२ प्रतिशत चमार, ५.७४ प्रतिशत खस आर्य, ५.४३ प्रतिशत गैरमधेसी जनजाति तथा ४३.०१ प्रतिशत मधेसी समुदायका अन्य जातिहरूको बसोबास रहेको छ । यस प्रदेशमा सबैभन्दा बढी मैथिली भाषा बोल्ने गरिएको तथ्याङ्क रहेको छ । हुनत यस प्रदेशमा ८९ वटा भाषाको अस्तित्व रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्रदेशका प्रमुख तीन भाषामा मैथिली, भोजपुरी र बज्जिका हुन्। यहाँ मैथिली ४५.३६ प्रतिशत, भोजपुरी १८.५९ प्रतिशत, बज्जिका १४.६८ प्रतिशत, नेपाली ६.५६ प्रतिशत, उर्दू ५.८७ प्रतिशत, थारू ३.७७ प्रतिशत, तामाङ १.९४ प्रतिशत र अन्य भाषा ३.२३ प्रतिशतले बोल्ने गर्दछन्।

यस प्रदेशको क्षेत्रफल ९,६६१ वर्ग किलोमिटर (३,७३० वर्गमाइल) रहेको छ । यहाँको जनघनत्व ६४० व्यक्ति प्रतिवर्ग किलोमिटर (१,७०० व्यक्ति प्रतिवर्ग माइल) रहेको छ, जुन देशकै सबैभन्दा बाक्लो जनघनत्व भएको प्रदेशको रूपमा रहेको छ। मानव विकास सूचकाङ्कलाई विचार गर्ने हो भने ०.५१२ रहेको छ, जुन अत्यन्तै कम छन्। प्रदेशको साक्षरता ५६.५४ प्रतिशत रहेको छ । प्रदेशको क्षेत्रफलको तुलनामा अत्यधिक जनसङ्ख्या हुनु तथा अत्यधिक जनघनत्व भएपनि मानव विकास सूचकाङ्कमा पछाडि पर्नु सोचनीय पक्ष रहेको छ । जनसङ्ख्या नियन्त्रणको लागि प्रयास गर्नुपर्ने अवस्था रहेको छ।

यस प्रदेशको भूमि झन्डै समतल रहेको छ। उत्तरमा चुरे पहाड र जङ्गल छन् । चुरे पहाडको बारेमा धेरै तथ्य आउन बाँकी छ। वास्तवमा यस प्रदेशको धेरै कुरा जानकारीमा आउन सकेको छैन । धेरै कुरामाथि प्रकाश पार्न र प्रचार हुन बाँकी छन् । यस प्रदेशको इतिहासले निकै सम्मानित तीन राजाको अस्तित्व रहेको बताउँदछ । पूर्वमा सहलेसको इतिहास निकै गर्विलो छ । मिथिला राज्यको बारेमा धेरैलाई थाहा छ। यसैगरी, सिम्रौनगढमा पनि तिरहुत राज्यको राजधानी थियो। कुनै न कुनै रूपमा यी राज्यहरूको अवस्था र इतिहास कस्तो थियो भन्ने विषयमा जानकारी आउनुपर्छ। इतिहासका अन्य धेरै पाटा पनि छन् । नेपालको इतिहासमा यस प्रदेशले खेलेको भूमिका आउनुपरेको छ भने यस प्रदेशमा रहेका प्रमुख धार्मिकस्थलहरूको पनि परिचय निरन्तर आउनुपरेको छ। यस प्रदेशबाट धार्मिक पर्यटनका लागि बर्सेनि लाखौं मानिस अन्य प्रदेशमा जाने गरेका छन् र विदेशमा पनि पुग्ने गरेका छन् । यस प्रदेशमा अन्य प्रदेशका साथै विदेशका धार्मिक पर्यटक कसरी आउलान् भन्ने विषयमा पनि सोचविचार गर्नुपरेको र आउने वातावरण मिलाउनुपरेको छ।

जनकपुरको प्रचारप्रसार भइसकेको छ तर अझै निरन्तरता दिनु आवश्यक छ। सहलेस फूलबारीको महत्त्वबारे देश तथा प्रदेश अझै अनभिज्ञ नै छन्। प्रदेशको पूर्वी भागका मानिस जति परिचित छन्, त्यति जानकारी मध्य तथा पश्चिमी क्षेत्रमा रहेका प्रदेशवासीलाई सहलेसबारे जानकारी रहेको छैन । अन्यत्र पनि जानकारीको विस्तार गर्नुपरेको छ । यसैगरी, गढीमाईको प्रचारप्रसार पनि व्यापक भइसकेको छ र अझ व्यापक बनाउनुपर्ने देखिन्छ। सखडा भगवती र अन्य धार्मिकस्थलहरूबारे प्रचारप्रसार हुनुपरेको छ । सामान्यतया हरेक धार्मिकस्थलमा ती स्थानको धार्मिक तथा ऐतिहासिक परिचय खुल्ने पुस्तिका पनि राख्नुपरेको छ र हरेक धार्मिकस्थलमा कम्तीमा त्यस जिल्लाका प्रमुख धार्मिक गन्तव्यहरूको परिचय खुल्ने पुस्तिका राख्ने हो भने सर्वसाधारणमा ती ठाउँमा जानको लागि पर्याप्त जिज्ञासा हुन्छ।

रौतहटको नूनथर प्रदेशको सबैभन्दा ठूलो पर्यटकीय गन्तव्य बनेको छ। अन्य गन्तव्यहरूको पनि प्रचारप्रसार हुनुपर्छ। यस प्रदेशको सबैभन्दा ठूलो प्राकृतिक पोखरी कुन हो र कहाँ छ ? कति क्षेत्रफलमा फैलिएको छ ? यसैगरी, यस प्रदेशको सबैभन्दा अग्लो पहाड कुन हो ? कति अग्लो छ ? त्यहाँ कसरी पुग्न सकिन्छ ? प्रदेशमा कतिवटा झरना रहेका छन् ? सबैभन्दा अग्लो झरना कुन हो ? त्यहाँ पुग्ने बाटो कस्तो छ ? प्रदेशको सबैभन्दा होचो वा गहिरो ठाउँ कुन हो ? त्यहाँ कसरी पुग्न सकिन्छ ? प्रदेशमा हेर्नलायक अन्य ठाउँहरू कुन कुन हुन् ? ती सबैलाई कसरी रोजगारसित जोड्न सकिन्छ ? प्रदेशको बारेमा जान्नुपर्ने अरू कुराहरू के के हुन सक्छन् ? शिक्षा, स्वास्थ्य, विज्ञान, साहित्य, सङ्गीत आदि क्षेत्रका विशिष्ट व्यक्तित्वहरू को को हुन् तथा तिनका विशिष्ट कार्यहरू के के हुन् ? प्रदेशभित्र, देशभित्र तथा देशबाहिर पुगेर तिनले कसरी आफूलाई स्थापित गरेका छन् र तिनले कसरी यस प्रदेशको सम्मान अझ राम्ररी बढाउन सक्छन् ? यस प्रदेशका विशिष्ट समाजसेवीहरू को को हुन् ? कलाकारहरूले कसरी सङ्घर्ष गरेर यस प्रदेशको प्रतिष्ठा बढाइरहेका छन् ? अझ कसरी यस प्रदेशको मर्यादा बढाउन सकिन्छ ? यी र यस्ता प्रश्न तथा पक्षहरूको बारेमा यस प्रदेशमा रहेका सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल र अन्य प्रकाशन तथा प्रसारणहरूमार्फत जानकारीको विस्तार गर्नुपरेको छ।

प्रदेश दुई धेरै दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ। यस प्रदेशका अन्य महत्त्वपूर्ण कुराहरू के के हुन् । कुन दृष्टिकोणले महत्त्व रहेको छ ? वास्तवमा प्रदेशको बारेमा मन्थन हुनु जरुरी छ । यस प्रदेशलाई चिनाउनुपरेको छ। यस प्रदेशको बारेमा यस प्रदेशका बासिन्दालाई नै बताउनुपरेको छ र प्रदेशबाहिरकालाई पनि यस प्रदेशको बारेमा धेरै जानकारी दिन अझै बाँकी रहेको छ। यस प्रदेशलाई सकारात्मक सोचाइ राख्ने र सिर्जनात्मक सोचाइ राख्ने किसिमको प्रदेशको रूपमा पनि परिचित गराउनुपरेको छ । यस प्रदेशको बारेमा सकेसम्म धेरै जानकारी विभिन्न माध्यमले बाहिर ल्याइ राख्नुपरेको छ।

# प्रदेश नं २ : दलित विकास समितिका पदाधिकारीलाई नियुक्तिपत्र प्रदान

धनुषा, १९ फागुन/रासस

प्रदेश नं २ सरकारले गठन गरेको दलित विकास समितिका पदाधिकारी र सदस्यलाई बुधवार नियुक्तिपत्र प्रदान गरेको छ।

केही दिनअघि सरकारले गठन गरेको दलित विकास समितिका पदाधिकारीलाई आज सामाजिक विकास मन्त्रालयले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री लालबाबू राउत गद्दीले नियुक्तिपत्र हस्तान्तरण गरेका हुन्।

सो अवसरमा मुख्यमन्त्री गद्दीले दलितको पहिचान र अधिकार संरक्षित गर्न समितिले प्रभावकारी काम गर्ने विश्वास व्यक्त गरे। उनले प्रदेशमा रहेका १८ प्रतिशत दलित समुदायको पहिचान र अधिकार संरक्षित गर्नका लागि सरकारले दलित सशक्तीकरण ऐन ल्याएको बताए।

एक्काइसौं शताब्दीमा पनि छुवाछूत जस्ता अमानवीय व्यवहार झेलिरहेका दलित समुदाय अझै राज्यको मूल प्रवाहीकरणमा सहभागी हुन नसकेको बताउँदै मुख्यमन्त्री गद्दीले दलित विकास समितिलाई हरसम्भव सहयोग गर्ने र समितिको कार्य तत्कालै अगाडि बढाउन निर्देशनसमेत दिए । उनले समितिमा प्रतिनिधित्व हुन नसकेका दलित समुदायको पनि सम्मान गरेर अघि बढ्न समितिलाई निर्देशनसमेत दिए।

समितिका अध्यक्षसमेत रहेका सामाजिक विकासमन्त्री नवलकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा मुख्यमन्त्री गद्दीले दलित सशक्तीकरणसम्बन्धी ऐनले दलित समुदायको अधिकारलाई सुरक्षित गरेको दाबी गरे।

कार्यक्रममा समितिका उपाध्यक्ष रामप्रवेश बैठा, सदस्य सेवकीदेवी दास, श्यामसुन्दर सरदार, राजकुमार दास तत्मा र सुनीता मरिकलाई नियुक्तिपत्र हस्तान्तरण गरिएको थियो।



सेवकी देवी दासलाई नियुक्तिपत्र दिंदै मुख्यमन्त्री लालबाबू राउत।

सो अवसरमा सामाजिक विकासमन्त्री साहले नवनियुक्त पदाधिकारी र सदस्यलाई शुभकामना दिंदै सरकारले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा जनता समाजवादी पार्टी, नेपालका सचेतक परमेश्वर साह, प्रदेशसभा सदस्य अशोक यादव, मुख्यन्यायाधिवक्ता दीपेन्द्र झा, सामाजिक विकास मन्त्रालयका सचिव कृष्णप्रसाद कापडीलगायतको सहभागिता थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# वीरगंजका व्यवसायीद्वारा कर घटाउनुपर्ने माग

प्रस, परवानीपुर, १९ फागुन/

आगामी आर्थिक वर्ष २०७८/७९



तस्वीरः प्रतीक

को लागि वीरगंजका उद्योगी-व्यवसायीहरूसँग सुझाव सङ्कलन गरिएको छ। नेपाल सरकारको नेपाल राजस्व परामर्श समितिले बुधवार आयोजना गरेको अन्तर्क्रिया तथा छलफल कार्यक्रममा सरकारी अधिकारी तथा विज्ञहरूले सुझाव सङ्कलन गरेका हुन्। वीरगंजका उद्योगी-व्यवसायीले सुझाव सङ्कलन गर्ने परिपाटी पुरानो भए तापनि कहिल्यै वीरगंजका उद्योगी-व्यवसायीहरूको पीडा र मागलाई बजेटको रातो किताबमा नसमेट्ने गरिएको दुःखेसो पोखे।

केही व्यवसायीले छलफल कार्यक्रम कोरम पुऱ्याउने चरण मात्र भएकोले धेरै समस्या भए तापनि थोरै कुरा बोल्ने गरेको बताए। वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल केडियाले कर र राजस्वको दर घटाउनुपर्ने माग गर्दै उनले करको दायरा फराकिलो गर्नुपर्ने विचार राखे। उनले भने, "सामान आयात तथा उद्योग-व्यवसाय सञ्चालन गर्दा हरेक वर्ष राजस्व र करको दर बढ्दै गएको पाइन्छ, त्यो ट्रेन्डलाई तोड्नुपर्छ, कर घटाउनुपर्छ भने कर कसरी बढी सङ्कलन गर्ने र सोको क्षेत्र र दायरा पहिचान गरी सरकारले बजेट विनियोजन गर्दा नेपाली उद्योगी-व्यवसायीलाई सहुलियत हुनेछ।"

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष उद्योगी अशोक बैधले सिमेन्ट तथा पेन्ट्सका कच्चा पदार्थ आयातमा उच्च दरमा भन्सार शुल्क राखिएकोले घटाउन माग गरे।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले कोभिडबाट प्रभावित अर्थतन्त्रलाई उकास्ने गरी बजेट ल्याउन सङ्घीय सरकारलाई सुझाव दिएका छन्।

उद्योग-व्यवसाय फस्टाउँदै जान थालेपछि राज्यले अनेक किसिमका कर लिने गरेको भन्दै सरावगीले उद्योगी-व्यवसायीहरूलाई करको बोझले समस्या हुने गरेको बताए। खुला सीमाका कारण वस्तुको मूल्यमा प्रतिस्पर्धा गर्न नसक्दा नेपाली उद्योगी-व्यवसायीहरू सधैं मर्कामा पर्ने गरेको र यस विषयमा राजस्व परामर्श समिति गठन गरेदेखि नै निरन्तर आवाज उठिरहेको भएपनि सुनुवाइ नभएको उनको भनाइ थियो। उद्योगी-व्यवसायीहरूलाई उद्योगको संरक्षण र करमैत्री वातावरणको प्रत्याभूति नभएसम्म अर्थतन्त्रको विकास हुन नसक्ने नगरप्रमुख सरावगीको बताए।

सङ्घका पूर्वअध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठले मूल्य अभिवृद्धि कर सबै व्यवसायमा एकै खालको लाग्ने भएकोले त्यसलाई परिमार्जित गरी सेवा र कारोबारको आधारमा मुनाफा हेरेर मूअकको दर तोक्नुपर्ने सुझाव दिए। उनले कम आम्दानी हुने व्यवसाय र बढी आम्दानी हुने व्यवसाय सबैमा एक समान मूअक लिनु अन्याय भएको बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य तथा वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष सुबोध गुप्ताले तयारी वस्तु र कच्चा पदार्थबीचको भन्सार महसुलमा झिनो अन्तर राख्दा कतिपय खाद्यान्न उद्योग धराशयी भएको बताए। उनले चामल आयातमा भन्सार महसुल बढाउँदा नेपाली राइस मिलहरूको संरक्षण गर्न सकिने बताए। उनले नेपालको धान खरीद गर्ने वा अपुग भएको खण्डमा आयात गरी चामल प्रशोधन गरी व्यवसाय गर्ने वातावरणलाई पनि नेपाल सरकारकै नीतिको कारण बर्बाद पारेको आरोप लगाए। उनले धान र चामल आयातमा झिनो भन्सार महसूलको फरक रहेकोले धेरै नेपाली व्यवसायीले राइस मिल बन्द गरी चामल आयाततर्फ अग्रसर भएको बताए। उद्योग बन्द हुँदा रोजगार, बिजुली, राजस्व तथा अन्य सुविधा उपभोग नभएर उल्टै राज्यलाई नै चौतर्फी घाटा लागिरहेको बताए।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तले नेपालको ८० प्रतिशत होटल व्यवसाय भारतीय पर्यटकबाट चल्ने भएकोले पूर्णरूपमा नेपाल-भारत सीमा खोल्न सरकारलाई आग्रह गर्दै आगामी बजेटमा उद्योग-व्यवसायलाई जसरी बिजुलीको शुल्कमा कोरोनाको कारण सहुलियत दिइएको छ, त्यसरी नै होटल व्यवसायलाई पनि दिनुपर्ने सुझाव दिए।

ढुवानी व्यवसायीहरूले ढुवानी व्यवसायमा भिसिटिएस सुविधा प्रभावकारी नभएकोले सुधार गर्न आग्रह गरेका थिए। कहिले सर्भर नचल्ने त चले पनि नेटको सुविधा नभएको ठाउँबाट विवरण इन्ट्री गर्न र अपडेट गर्न समस्या हुने गरेको बताएका थिए। आयकरमा पनि सीमा बढाउनुपर्ने माग गरिएको थियो। व्यवसायीहरूले साढे ४ लाख रुपैयाँसम्म छुटको सुविधालाई कम्तीमा ८ लाखसम्म आयकर नलाग्नुपर्ने नियम ल्याउनुपर्ने बताएका थिए।

परामर्श समितिका अध्यक्ष महेशप्रसाद दहालको अध्यक्षता तथा आन्तरिक राजस्व कार्यालय पर्साका प्रमुख सुनीलकुमार यादवको सहजीकरणमा भएको कार्यक्रममा परामर्श समितिका सदस्य निर्मलहरि अधिकारी, आन्तरिक राजस्व विभागका निर्देशक झक्रप्रसाद आचार्य, वीरगंज भन्सारका प्रमुख भन्सार प्रशासक महेश आचार्य, नाडाका अध्यक्ष कृष्ण दुलाल, प्रदेश २ को आर्थिक योजना मन्त्रालयका सचिव काशीराज दहाल, पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, यातायात व्यवस्था कार्यालय वीरगंज सवारी शाखाका प्रमुख कुशेश्वरप्रसाद साह, यातायात व्यवस्था कार्यालय लाइसेन्स शाखा वीरगंजका प्रमुख सुशील साहलगायत उद्योगी-व्यवसायीको सहभागिता थियो। परामर्श समितिका पदाधिकारीहरूले सङ्कलन गरिएको सुझाव जस्ताको त्यस्तै प्रतिवेदनमा उल्लेख गरी पठाउने आश्वासन दिएका थिए।

# फरार पालिका अध्यक्षको खोजी तीव्र

प्रस, जनकपुरधाम, १९ फागुन/

धनुषाको बटेश्वर गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर राउतलाई प्रहरीले खोजिगरिरहेको छ। कमिशनबापत लिएको ८ लाख रुपैयाँ झाडीमा फालेर फरार भएको अभियोगमा पक्राउ गर्न उनको खोजी भएको हो।

फरार अध्यक्ष राउतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग र जिल्ला प्रहरी कार्यालय धनुषाको टोलीले खोजतलाश गरिरहेको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ। घटनाको तेस्रो दिन बितिसक्दा पनि अभियुक्त पक्राउ नपरेको भन्दै बुधवार स्थानीयले आक्रोश व्यक्त गरेका छन्।

राउतलाई पक्राउ नगरी प्रहरी प्रशासनले उन्मुक्ति दिएको स्थानीयको आरोप छ। आक्रोशित युवाहरूले मङ्गलबारदेखि गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरी धर्नामा बसेका छन्। अध्यक्ष राउत, प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखामा ताल्चा लगाइएको छ।

पालिकाले दिने हरेक योजनामा कमिशन लिएका र अख्तियारले प्रमाणसहित फेला पारेको अवस्थामा अध्यक्ष राउत फरार भएकोले निजलाई जतिसक्दो छिटो पक्राउ गरी कानूनी कारबाई गर्नुपर्ने पालिकावासीको माग छ। युवाहरूले अध्यक्षको तीन वर्षे कार्यकालमा गरिएको आम्दानी र खर्च विवरण तथा सम्पत्ति विवरणसमेत सार्वजनिक गर्नुपर्ने माग गरेका छन्।

# सरकार र चन्द समूहको वार्ता सकारात्मक

काठमाडौं, १९ फागुन/रासस


तस्वीरः रासस

नेपाल सरकार र नेत्रविक्रम चन्द समूहबीच बुधवार पहिलो चरणको वार्ता भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा आज बिहान सम्पन्न वार्ता सकारात्मक दिशातर्फ उन्मुख भएको सरकारी वार्ता टोलीका सदस्य डा राजन भट्टराईले जानकारी दिए।

सरकारका तर्फबाट गृहमन्त्री रामबहादुर थापा र चन्द समूहका तर्फबाट खड्गबहादुर विश्वकर्माको संयोजकत्वमा मङ्गलवार अलग-अलग वार्ता समिति सार्वजनिक भएको थियो।

हिंसात्मक गतिविधिमा प्रतिबन्ध लगाइएको सो समूह राष्ट्र, राष्ट्रियता र जनजीविकाका विषयमा वार्ता र संवाद गर्न तयार भएपछि वार्ता प्रक्रिया अघि बढेको हो।

# जनकपुर-अयोध्या हवाई उडानको बुद्ध एयरले अनुमति माग्यो

प्रस, जनकपुरधाम, १९ फागुन/


तस्वीरः सौजन्य

नेपालको जनकपुर र भारतको अयोध्याबीच सीधा हवाई सेवा सञ्चालनको तयारी शुरू भएको छ। निजी वायुसेवा कम्पनी बुद्ध एयरले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणसँग उडानको अनुमति मागेको छ।

उडान सञ्चालन अनुमतिका लागि सहजीकरण गर्न प्रदेश २ सरकारसँग आग्रह गरिएको वायुसेवा कम्पनीका अधिकारीहरूले जानकारी दिएका छन्। जनकपुर-अयोध्या उडानमा भारत उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको समेत चासो रहेको कम्पनीको भनाइ छ।

उक्त हवाई कम्पनीले यसअघि काठमाडौंबाट बनारसका लागि सीधा उडान गरिरहेको थियो। यो रुटको उडान लकडाउन र प्रतिबन्धपछि स्थगित गरिएको थियो। बुद्धले कोलकाता उडानसमेत शुरू गरेको छ। उक्त रुटमा अपेक्षित सफलता प्राप्त नभएको जनाएको कम्पनीले जनकपुर-अयोध्या उडानमा सफलता पाउने अपेक्षा गरेको छ।

बुद्ध एयरका प्राविधिकका अनुसार जनकपुरबाट अयोध्या उडान ५० मिनेटको हुनेछ। उडान सञ्चालनका लागि आन्तरिक तयारी शुरू भएको र अयोध्यामा आन्तरिक विमानस्थलको स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाउने काम पनि भइरहेको छ।

यस रुटलाई भारतले अघि सारेको रामायण सर्किटको एक महत्त्वपूर्ण अंश मानिएको छ।

# मलङ्गवामा सशस्त्र बिओपी स्थापना

प्रस, सर्लाही, १९ फागुन/

सर्लाहीको मलङ्गवामा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरिएको छ।

बुधवार बिहान विशेष कार्यक्रम आयोजना गरी सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले बिओपीको उद्घाटन गरेका हुन्।

बिओपी स्थापनाले सो क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न सहज हुने नायब महानिरीक्षक गौतमले विश्वास प्रकट गरे। उक्त बिओपीले नेपाल-भारत सीमा स्तम्भ नं ३२४ देखि ३२७ नम्बरसम्म करीब साढे चार किलोमिटर सीमा इलाकाको सुरक्षा गर्नेछ।

बिओपी उद्घाटन कार्यक्रममा सशस्त्र प्रहरी १० नं गणका गणपति गङ्गाराम श्रेष्ठ, मलङ्गवा नगरपालिकाका प्रमुख निरसल साह, उपप्रमुख शान्ति सवनम मिकानी, सर्लाही प्रहरी प्रमुख सन्तोष सिंह राठौर, सेना प्रमुख, अनुसन्धान प्रमुख, विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवाहरूको सहभागिता थियो।

# 'कोभिड-१९ विरुद्धको खोप निर्धक्क भएर लगाउनुस्'

काठमाडौं, १९ फागुन/रासस


कोरोनाविरुद्धको खोप लगाउँदै सभामुख सापकोटा। तस्वीरः रासस

सभामुख अग्निप्रसाद सापकोटाले कोरोनाविरुद्धको खोप वैज्ञानिक अनुसन्धानबाट प्रमाणित भएकाले विनाहिचकिचाहट निर्धक्क भएर लगाउन सम्पूर्ण नागरिकलाई आग्रह गरेका छन्। मीनभवनस्थित निजामती अस्पताल परिसरमा कोभिड-१९ विरुद्धको खोप लगाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले व्यवस्थित र सहजरूपमा लगाउने वातावरण भएकाले खोप अभियान सफल हुने विश्वास व्यक्त गरे।

सभामुख सापकोटाले भने, "खोप लगाउँदा अलि असहज हुन्छ कि भनी सोचेको थिएँ। बिल्कुल असहज भएन। खोप लगाउने बेला हुँदैछ होला भन्दै थिए, खोप दिइसकिएको छ।" नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि सबै नेपाली नागरिकलाई विनाहिचकिचाहट सहज ढङ्गले खोप प्रयोग गरी स्वस्थ्य रहन अपील गरे।

विश्वभर महामारीका रूपमा फैलिएको कोरोनाले मानवजातिलाई अत्यो पारिरहेको अवस्थामा खोपको आविष्कार र प्रमाणित भएपछि मानिसले खराब विषाणुविरुद्ध फेरि एकपटक विजय हासिल गरेको महसूस भएको बताउँदै उनले औषधि प्रभावकारी साबित भएसँगै मानिसको प्रकृतिमाथि विजयको नयाँ सिंढीमा मान्छे कुदन सफल भएको उल्लेख गरे।

अध्यक्ष दाहालले भने, "अरूलाई लगाएको देख्दा अलि दुख्छ जस्तो लागेको थियो, आफैंले लगाउँदा खोप लगाएको थाहा नै पाइनँ। कतिबेला खोप्नुहुन्छ होला भनेको त भइसक्यो पो भन्नुभो। बडो सरल रहेछ। कसैले कुनै पनि खाले तनाव लिनुपर्ने अवस्था छैन। सहज ढङ्गबाट हुन्छ।"

सञ्चारकर्मीको राजनीतिक सङ्क्रमणबारे सोधेको प्रश्नमा उनले सर्वोच्च अदालतको फैसलाले संविधान, प्रणाली, लोकतन्त्रलाई ठीक ढङ्गबाट अघि बढ्न बाटो खोलिदिएको बताए। उनले भने, "अब राजनीति पनि ट्र्याकमा जान्छ भन्ने कुराको पहिले सुनिश्चितता अदालतको फैसलाले गऱ्यो, न्याय, लोकतन्त्र र संविधानको जीत भएको छ, यो महत्त्वपूर्ण हो। बाँकी २३ गतेबाट बस्ने प्रतिनिधिसभाको अधिवेशनबाट प्रस्ट हुन्छ।"

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अन्तर्राष्ट्रिय समुदायबाट गहिरो अध्ययन र अनुसन्धानबाट प्रभावकारी साबित भएको कोभिड-१९ विरुद्धको खोप ढुक्क भएर विश्वासका साथ लगाउन सर्वसाधारणलाई सुझाव दिए। उनले भने, "यसअघि पनि मैले विभिन्न खाले धेरै खोप लगाएकोले यसपटक खोप लगाउँदा कुनै खासै अनुभव भएन। घोचिएको पनि अनुभव हुँदो रहेनछ। आत्तिनुपर्ने अवस्था छैन। खोप लगाउनु पऱ्यो, स्वस्थ्य हुन पऱ्यो।"

पूर्वप्रधानमन्त्री नेपालले राजनीतिक सङ्क्रमण फैलने सम्भावनाको खतरालाई सर्वोच्च अदालतबाट पहिलो खोपजस्तै गरी आएको फैसलाले ठीक बाटोमा अघि बढ्न एउटा बाटो देखाएको प्रतिक्रिया दिए। उनले भने, "फैसलाबाट खतरामा परेको लोकतन्त्र, संविधानलाई जोगाएको छ, अब बाँकी राजनीति क्षेत्रमा अहिले देखिरहेको सङ्क्रमणको समाधान संसद्मार्फत राजनीतिक दलले गर्छन्।"

# बारेकोटमा भेटिए ८८ प्रजातिका चरा

जाजरकोट, १९ फागुन/रासस

बारेकोट गाउँपालिकामा गरिएको अध्ययनबाट लोपोन्मुख चरा फेला परेका छन्। एक हजार ८९१ मिटरदेखि दुई हजार ३०९ मिटरसम्मको उचाइमा रहेको यहाँका सामुदायिक वनमा गरिएको अध्ययनबाट ८८ प्रजातिका चरा फेला परेका हुन्।

विश्वमै लोपोन्मुख हाडफोर गिद्ध, राष्ट्रियस्तरमा लोपोन्मुख हिमाली गिद्ध, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय नियन्त्रण सन्धिको अनुसूची (आइआइमा)मा सूचीकृत कालो चिल र कालिज, काकाकुल तथा करांसुगा फेला परेको रेड पाण्डा नेटवर्कका भूपाल केसीले जानकारी दिए।


तस्वीरः सौजन्य

कुनै ठाउँमा पनि सूचीकृत नभएको तर लोपोन्मुख लामो ठुँडे चाचर पनि फेला परेको छ। जैविक विविधताले

(बाँकी पाँचौं पातामा)

# दे दे राम दिला दे राम

जसरी राजा वीरेन्द्रको हत्यापछि सहज र सुलभ तरीकाले भारतीयहरूलाई नेपाली नागरिकता वितरण गरियो, ठीक त्यसैगरी अब नेपाल–भारतबीचका कतिपय गहमागहमी विषय सेलाउनेवाला छन् ।

अदालतको फैसला आएको छ, संसद् पुनर्बहाली भएको छ । झन्डै दुई तिहाइ बहुमतको सरकार बेवारिसे र असफल भएको मुलुकमा छ्यासमिसे मिलीजुली सरकारले करामत देखाउनेवाला छ । छिट्टै मुलुकमा जनताले नपत्याएकाहरूको बाहुल्यता भएको सरकार बन्नेवाला छ । चुच्चे नक्शा, कालापानी, लिम्पियाधुरा सबै भारतले दाइजोमा पाउनेवाला छ । सौताको रिसले पोइको काख भिजाउने र चिट चोरेर कक्षामा उत्तीर्ण हुने विद्यार्थीझैं प्रचण्ड–माधवले अदालतको फैसलापछि मोतीचुरको लड्डु खाएको देख्दा मलाई मेरो स्कूले जीवनको सम्झना गरायो । सुन्दा नै अचम्म लाग्यो, अदालतको फैसलापछि नेपाल र भारतमा समेत लड्डु साटासाट भएछ । नेपालमा राजा महेन्द्रले भारतसँग दोस्तीको हात बढाउने तर नेपालमा भारतीय दबाब र प्रभाव घटाउने कार्य नबुझिंदो पाराले गर्दै आएका थिए । भनिन्छ, वर्तमान अवस्थामा अध्यक्ष ओलीले समेत राजाहरूकै बाटो पछ्याउँदै आएका थिए र चारोखाना चित्त पार्न खोजिए । माधव नेपाल प्रधानमन्त्री हुँदा विदेशी प्रभुको इसारामा प्रम भएको आरोप लगाउने प्रचण्ड र माधवको लगनगाँठो कति कसिलो होला, त्यो त भोलिपर्सि देखिहालिन्छ । दिल्लीमा भएको माओवादीको १२ बुँदे सम्झौता, मधेसकेन्द्रित मधेस आन्दोलन, ऐतिहासिक भनिने २०४६ /४७ को जनआन्दोलनको नाममा नेपालमा दबाबमूलक भूमिका खेल्ने क्षेत्र फराकिलो पार्दै आएको भारतले अब ओली सरकारलाई अपदस्थ गर्ने कार्यमा खुलेआम नाङ्गो नाच नाच्ने सम्भावनालाई नकार्न सकिंदैन । देखिहाल्नुभयो कथित रोगको बहानामा नेपालका पूर्वप्रधानमन्त्रीको अविराम भारत दौडाहा । कुनै पनि सरकारलाई

मन्तव्य



कुमार रुपाखेती

**सङ्क्षेपमा भन्ने हो भने वर्तमान परिवर्तन नियमित प्रक्रिया हो, अब रामेको ठाउँमा श्यामे मात्र आउने हो । रामे–श्यामेहरूले सदाझैं आफ्नै हित हेर्छन् । हामी निमुखा जनता त हिजो पनि बेसहारा आज पनि बेसहारा । दे दे राम दिला दे रामको लाइनमा बस्नेहरूलाई शुभकामना छ ।**

आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्न नदिन यहाँ विदेशी शक्तिहरू दौडधूप गरिरहन्छन् र हाम्रा रावणका भाइ विभीषणहरूले मलजल गरिरहन्छन् । ओलीलाई बिचरा बनाउन (अपदस्थ गर्न) प्रचण्ड–माधव क्याम्पले मरिहत्ते गरेको सबैलाई थाहै छ । यो झुक्दै नझुक्ने नेपालको छोरो भनिने ओली आखिर राइछिया बनाइए । देर आए दुरुस्त आए भनेझैं ओली क्रमशः विदेशी चङ्गुलबाट मुक्त हुन खोज्दै थिए तर स्वदेशी–विदेशी षड्यन्त्रको अगाडि लाचार र विवश हुँदै बेइज्जतीपूर्ण तरीकाबाट पदबाट खुस्क्याइँदै छ ।

अदालतको फैसला सबैले मान्नैपर्ने हुन्छ । तर एउटा गाँठीको कुरो के छ भने संसद् पुनर्स्थापना भएपछि पदको अंशबन्डा लगाउने नाममा सुविधा कुम्ल्याउने, खुशी पार्ने नाममा देशमा झनै ठूलो भद्रगोल र अविश्वासको वातावरण सृजना हुने देखिन्छ । रावणका सय टाउकाझैं अहिलेदेखि नै घनटाउकेहरू सलबलाउन थालिसकेका छन् । पञ्चायतकालमा प्रम बन्न सूर्यबहादुर र लोकेन्द्रबहादुरको हानाथाप सबैलाई थाहै छ । तर जसले राजाको साथ पाउँथ्यो, ऊ पहिलो हुन्थ्यो । अहिलेको हानाथापमा त नाइके विदेशी हुन्छन् । पानीमें मछरी, नौ–नौ कुटिया भनेझैं कोही राष्ट्रपति, त कोही मन्त्री, प्रधानमन्त्रीको घोषणा भइसके । तर विदेशी नाइकेको ग्रीन सिग्नल नपाउन्जेल 'न नौ मन तोरी होई ना राधा नाची'को अन्योल बकरार छ । भन्नेहरू त भन्छन्, भीरबाट ओली मात्र होइन मुलुक नै खस्ने खतरा बढेको छ । जनताको छोराले पाउने ठूलो पद भनिने राष्ट्रपति, प्रधानमन्त्रीका कुर्सी अब बोलकबोल र लीलाम बढाबढ अनि पिंजराको सुगाझैं देशीभन्दा विदेशी हँमा हँ मिलाउनेवालाले पड्काउँछ । ओलीलाई म दूधले धोएको मान्दिनँ, उनको उखान टुक्का र व्यङ्ग्यबाणले आगोमा घ्यू थपेकै हो, देश बनाउनभन्दा विरोधी तह लगाउन उनले समय र शक्ति खर्चे । अन्त्यमा आएर कुर्सीका लागि अलिअलि भारतलाई समेत चिल्लो घस्न थाले र अन्ततः थान्को लाग्ने अवस्थामा पुगे । अदालतको फैसलाले उत्साहित प्रचण्ड–माधवहरू अहिले आफ्नो र पराइ खुट्याउन थालेका छन् । गठजोडका लागि विभिन्न भेषभूषाधारीहरूसमक्ष लम्पसार हुन थालेका छन् । चाडपर्वमा मठ, मन्दिरअगाडि भीख माग्नेहरूको भीड ह्वात्तै बढेको हुन्छ । सरकार परिवर्तनपछि पद र कुर्सी माग्ने भिखारीहरूको सङ्ख्या ह्वात्तै बढने गरेको नेपाली इतिहास नै छ । 'दे दे राम दिला दे राम'हरू सक्रिय भइसकेका छन् । पार्टी एकता गराउँछु, कुनै खेमामा खुल्दिनँ भन्ने वामदेव गौतमसमेतले ओलीलाई अर्ती, बुद्धि दिंदै प्रचण्ड–माधव खेमातिर नजीकिंदै दे दे राम दिला दे रामको लाइनमा छन् ।

महाभारतमा धनुषबाण चलाउन नपुग्ने गरी गुरु दक्षिणामा एक्लव्यको बूढी औंला लिएझैं पुनर्स्थापनापछि प्रधानमन्त्री पदमा दाबी नगर्ने भन्दै माधव नेपालले प्रचण्डसमक्ष औंठा छाप गरिसकेका छन् । आमसभाहरूमा मलाई प्रधानमन्त्री पदको लोभ छैन भन्ने प्रचण्डले माधव नेपाललाई पुच्छर लगाएर अस्ति देउवाको शरणमा पुगेर आफ्नो लोभीपापी चरित्र उदाङ्गो पारे । तर ओली खेमाबाट सहयोग पाउने आशामा देउवा पनि प्रधानमन्त्रीको रोलक्रममै छन् अनि त उनले प्रचण्ड–माधवलाई टालमटोल कुरा गरेर फिर्ता पठाइदिए । हाम्रा दुई प्रमुख छिमेकी मुलुकमध्ये ओली हट्दा भारत दङ्ग छ भने चीन चिन्तित देखिन्छ । नेपालको सन्दर्भमा सबैभन्दा डरलाग्दो कुरा यही हो । हाम्रो परिवर्तनमा किन विदेशीहरू दङ्ग र उदास पर्दछन् । प्रत्येक ससाना कुरामा हामी परजीवीसरह अरूको मुख ताक्ने, सहयोग माग्ने बानीले गर्दा विदेशीहरूले हामीलाई त्वम् शरणम् गराउन खोजिरहन्छन् ।

सङ्क्षेपमा भन्ने हो भने वर्तमान परिवर्तन नियमित प्रक्रिया हो, अब रामेको ठाउँमा श्यामे मात्र आउने हो । रामे–श्यामेहरूले सदाझैं आफ्नै हित हेर्छन् । हामी निमुखा जनता त हिजो पनि बेसहारा आज पनि बेसहारा । दे दे राम दिला दे रामको लाइनमा बस्नेहरूलाई शुभकामना छ ।

# लघुकथा बिजुलीको एक झिल्का हो : प्राडा लामिछाने

प्रस, गरुडा, १९ फागुन/

नेपाली र भारतीय भूमिमा लघुकथा सशक्तरूपमा स्थापित भइसकेको आख्यान साहित्यको उपविधा भएको प्राडा कपिल लामिछानेले बताएका छन् । रौतहटको गरुडामा साहित्यकारसितको भेटघाटमा प्राडा लामिछानेले लघुकथालाई बादल लागेको आकाशमा गड्याङ्गुडुङ गर्ने बेलाको बिजुलीको झिल्कासित तुलना गरेका थिए । विराटनगरमा आयोजित लघुकथासम्बन्धी दुई दिने कार्यक्रममा सहभागी भएर भैरहवातिर फर्कने क्रममा प्राडा लामिछानेले रौतहटका मुस्लिम समुदायमा प्रचलित संस्कार गीतको अध्ययनसम्बन्धी कामको सिलसिलामा गरुडा आएका थिए । सोही क्रममा प्राडा लामिछानेलाई मध्यरौतहटका लेखक तथा साहित्यकारहरूले स्वागत सम्मान गर्दै लघुकथाको विषयमा विशेष जानकारी प्राप्त गरेका थिए ।



तस्वीरः प्रतीक

चार दर्जनभन्दा बढी मौलिक र करीब डेढ दर्जन सम्पादित कृति प्रकाशन भइसकेका प्राडा लामिछाने मोसफलमा रहेर साहित्य साधना गर्दै देशमा विशिष्ट पहिचान बनाउने निकै कम साहित्यसर्जकमा गनिन्छन् ।

गरुडाका सञ्जय साह मित्रको संयोजनमा बज्जिका साहित्य सङ्गम रौतहटको आयोजनामा गरुडास्थित माध्यमिक विद्यालयमा भएको साहित्यिक भेटघाट तथा अन्तर्क्रियामा सङ्गमका अध्यक्ष किशुनदयाल श्रीकृष्ण, पूर्वअध्यक्ष श्याम सहनी चन्द्रांशु, उपाध्यक्ष रेणु गुप्ता, सहसचिव केदार राय यादव, सल्लाहकार रामअधार पासवान, विश्वनाथ सञ्जेल, जिसी हरि, सङ्गीताकुमारी सहनी, शेख चाँद अलि, कुमार चन्दन, सुरजनारायण झाले लघुकथा, कविता, गीत र मुक्तक वाचन गरेका थिए ।

नेपाली र बज्जिका भाषामा वाचन गरिएका रचनाहरू सुनेपछि प्राडा लामिछानेले बहुभाषिक देश नेपालका धेरै भाषामा लघुकथाको विस्तार भएको र बज्जिकामा पनि लघुकथाहरू लेखिनु सुखद पक्ष भएको बताएका थिए ।

# आगलागी पीडितलाई सहयोग

प्रस, सप्तरी, १९ फागुन/

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक)ले आगलागी पीडित महिलालाई आर्थिक सहयोग प्रदान गरेको छ । राजविराज नगरपालिकामा गठित मानव अधिकार निगरानी समूहले आगलागी पीडित गरीब तथा असहाय दलित महिलालाई ६ हजार रुपैयाँबराबरको नगद तथा पौष्टिक सामग्री सहयोग प्रदान गरेको हो ।

राजविराज–१० दिघवाकी २५ वर्षीया निरसी खङ्गलाई उपचारका लागि समस्या परेकोले सहयोग गरिएको सहजकर्ता दीपक यादवले जानकारी दिए । इनसेक सप्तरीका निगरानी समूहका प्रतिनिधिहरूले सञ्चालन गरेको बैठकमा भत्ताबापत प्राप्त रकम आफूले नलिएर पीडित महिलालाई सहयोग गरेका हुन् । कार्यालयमा आयोजित कार्यक्रमको अध्यक्षता रघुवर साहले गरेका थिए ।

निगरानी समूहका पदाधिकारीहरू राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुगेर उपचाररत महिलालाई सहयोग प्रदान गरेका हुन् ।

बिरामीको स्वास्थ्य अवस्था बुझ्न समूहका पदाधिकारीहरू नियमित अस्पताल जाने र पाँच/पाँच दिनमा प्रोटिनयुक्त आहारा उपलब्ध गराउने व्यवस्था मिलाइएको अध्यक्ष साहले जानकारी गराए ।

आर्थिक अभावमा कारण खङ्ग उपयुक्त अस्पतालमा जान नसक्दा राजविराजकै अस्पतालमा उपचार गराइरहेकी छन् । गरीबीका कारण उपचार खर्च जुटाउन नसक्दा जीवनमरणको दोसाँधमा रहेकी निरसी २०७७ माघ १३ गते चीसो छल्न बालेको घुरबाट सल्केको आगोले जलेर गम्भीर घाइते भएकी हुन् ।

ऐलानी जग्गामा बसोबास गर्दै आएकी चार वर्षीय छोरीकी आमा निरसी र उनका पति राजाराम अर्काको घर खेतमा मजदूरी गरेर गुजारा चलाउँदै आएका छन् ।

# जसपा निकट पत्रकार सङ्गठन समायोजन सम्पन्न

प्रस, जनकपुरधाम, १९ फागुन/

जनता समाजवादी पार्टी नेपालनिकट पत्रकार सङ्गठनको समायोजन सम्पन्न भएको छ । तत्कालीन समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपालबीच एकीकरण भएर बनेको जसपा निकट पत्रकार सङ्गठनको नाम प्रेस मञ्च नेपाल राखिएको छ ।

१७१ सदस्यीय केन्द्रीय कार्यसमिति रहने प्रेस मञ्चमा ४१ सदस्यीय कार्यकारिणी सदस्य र ३१ सदस्यीय पदाधिकारी रहने सहमति भएको छ । तत्कालीन समाजवादी पार्टीनिकट पत्रकार सङ्गठनको भागमा अध्यक्ष र कोषाध्यक्षसहित १६ जना पदाधिकारी पाएका छन् भने तत्कालीन राजपानिकट पत्रकार सङ्गठनले महासचिवसहित १५ जना पदाधिकारी पाएको छ । प्रेस मञ्चको अध्यक्ष केशव अर्याल रहने भएका छन् । नेपाल पत्रकार महासङ्घको आउँदो चुनावलाई लक्षित गर्दै जसपा नेपालले पत्रकारहरूको समायोजन प्रक्रिया टुङ्ग्याएको हो ।

प्रेस मञ्चको सङ्गठन प्रदेश २ मा बलियो मानिएको छ । अन्य प्रदेशमा त्यस्तो खासै सङ्गठन नदेखिए पनि महासङ्घको केन्द्रीय अधिवेशनमा समेत निर्णायक भूमिका खेल्न सक्ने मञ्चको ठहर छ । सोहीबमोजिम परिवर्तनकारी शक्तिका प्यानलसँग मिलेर मुलुकका अधिकांश क्षेत्रमा उम्मेदवारी दिने प्रेस मञ्च नेपालले निर्णय गरेको जानकारी दिइएको छ ।

## फरक समाचार

# अनौठो हतियार

**रेमिङ्टन १८५९ रिवाल्भरः** यो बन्दूकलाई पोल्यान्डका एक व्यक्तिले बनाएका







थिए । त्यति बेला यस बन्दूकलाई संसारकै सबैभन्दा ठूलो रिवाल्भर मानिन्थ्यो । यो रिवाल्भरको वजन ४५ किलोको थियो ।

**रिङ शेप्ड गनः** आजको समयमा अपराध बढ्नुको कारण यो रिङ शेप्ड गन बनाइएको हो, सुरक्षालाई मध्यनजर गरी विशेषगरी महिलाहरूको लागि बनाइएको यो बन्दूक हो । यसलाई औंलामा औंठीजस्तै लगाउन सकिन्छ । यो बन्दूक निकै खतरनाक छ ।

**गैटलिङ गनः** यो अनौठो बन्दूक बनाउनको लागि ६ वटा बन्दूकलाई जोडिएको छ । यो बन्दूक रूसमा बनाइएको हो । एकैसाथ ६ वटा बन्दूकबाट गोली निस्केपछि दुश्मनको के हाल हुन्छ कल्पना गर्नुहोस् ।

# सन् २०५० मा चारजनामध्ये एकजना बहिरो हुने

सन् २०५० सम्म संसारका हरेक चारजनामध्ये एक व्यक्ति बहिरो हुन सक्ने विश्व स्वास्थ्य सङ्गठनले मङ्गलवार जारी गरेको ग्लोबल रिपोर्टमा उल्लेख छ । रिपोर्ट अनुसार सन् २०५० सम्म बहिरो हुने व्यक्तिको सङ्ख्या २५० करोड हुनेछ । कानको समस्यालाई लिएर पहिलोपटक विश्व स्वास्थ्य सङ्गठनले ग्लोबल रिपोर्ट जारी गरेको हो ।



रिपोर्टमा भनिएको छ– सङ्क्रमण, रोग, जन्मजात रोग, ध्वनि प्रदूषण र दिनचर्यामा गडबडीलाई नियन्त्रण गरेर यस्तो मामिलालाई रोक्न सकिन्छ । यसलाई कम गर्नको लागि उपचार र बचाउको नीतिमाथि ध्यान दिनुपर्छ ।

रिपोर्ट अनुसार अहिले हरेक चारमध्ये एक व्यक्तिलाई सुन्ने समस्या छ । सन् १९१९ मा संसारभरि बहिरोपनको मामिला १६० करोड थियो । सन् २०५० सम्म ७० करोडलाई गम्भीर स्थितिमा उपचारको आवश्यकता हुन सक्छ । रिपोर्टमा भनिएको छ, समयमा उपचार नपाएपछि बहिरोपनको मामिला बढ्नु एउटा ठूलो कारण हो । यसको ८० प्रतिशत मामिला निम्न आय भएका देशहरूमा सामुन्ने आएको छ ।

संयुक्त राष्ट्रसङ्घको एउटा रिपोर्टमा भनिएको छ, स्मार्टफोनमा सङ्गीत सुन्ने र लगातार चर्को आवाजको सम्पर्कमा रहनाले दुनियाँभरि करीब १ अर्बभन्दा बढी व्यक्तिलाई बहिरोपनको खतरा छ । १२ देखि ३५ वर्ष उमेरका मानिस 'रिस्क जोन'मा छन् । डब्लुएचओ भन्छ, सुन्ने समस्याको कारण संसारभरि ७५० मिलियन डलर खर्च हुने अनुमान छ । डब्लुएचओका अधिकारी शैली चड्ढाका अनुसार संसारभरि एक अर्बभन्दा बढी युवालाई स्मार्टफोनमा चर्को आवाजमा गाना सुन्दा मजा आउँछ । यसको लागि उनीहरू हेडफोन र इयरफोन प्रयोग गर्छन् । यसबाट उनीहरूको सुन्ने क्षमता कम हुन्छ र बहिरो हुन सक्छन् ।

# जिनको मोटोपनसँग सम्पर्क

मनुष्यको शरीरमा यस्ता जिन पाइन्छन्, जुन मोटोपनको लागि जिम्मेवार हुन्छ तर रोगको खतरा बढाउँदैन । डेनमार्कको कोपेनहेगन विश्वविद्यालयका शोधकर्ताहरूले यस्तै जिनको एउटा शृङ्खला खोजेका छन् ।



अनुसन्धानले भन्छ, यी जिनले मनुष्यको बोसो र ग्लुकोजको स्तरलाई बढाउँछ । अनुसन्धानमा सहभागी मोटोपन भएका ४५ प्रतिशत व्यक्तिमा यो जिन पाइन्छ । यस जिनको कारण उनीहरूको रक्तचाप बढ्थ्यो तर गुड फैटको कारण मुटुरोगको खतरा बढी थिएन ।

दुई कारणः मोटोपन बढाउने जिन यस कारण फाइदाजनकः

– कोपेनहेगन विश्वविद्यालयका वैज्ञानिकहरूको भनाइ छ यी जिनको कारण शरीरमा हेल्थी फैट रहन्छ, यसैले यसले शरीरलाई बढी नोक्सान गर्दैन ।

– यसमध्ये केही जिन मधुमेह र मुटुरोगको खतरालाई कम गर्छ । यसको अलावा फैट टिश्यूमा सुधार गर्छ ।

संसारमा हरेक वर्ष २८ लाख व्यक्तिको मोटोपनको कारण मृत्यु हुन्छ । यो मामिला युवा र बच्चामा तीव्र गतिले बढ्दैछ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार पछिल्लो ४५ वर्षमा मोटोपन बढ्ने दर तीन गुना भएको छ, सन् २०२५ सम्म २७ लाख युवा 'ओभरवेट' हुनेछन् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## म्यान्मामा सेनाको गोली लागेर ६ जनाको मृत्यु

याङ्गुन, १९ फागुन/एएफपी

प्रजातन्त्रका पक्षमा सहभागी


प्रदर्शनकारीमाथि नियन्त्रण गर्दै सुरक्षा फौज। तस्वीरः एएफपी

प्रदर्शनकारीमाथि सुरक्षा फौजले गरेको कारबाईमा बुधवार कम्तीमा ६ जनाको मृत्यु भएको छ।

सेनाले सत्ता कब्जा गरी नेत्री आङ सान सुकीलाई नजरबन्द गरेपछि फेब्रुअरी १ यता म्यान्माभित्र विषम परिस्थिति उत्पन्न भएको छ। म्यान्मामा दश वर्षसम्मको लोकतन्त्रको अनुभवपछि सेनाले पुनः सत्ता कब्जा गरेको हो।

म्यान्मामाथि अन्तर्राष्ट्रिय दबाब पनि बढ्दो छ र बेलायतले शुक्रवारको बैठकमा राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठक पनि डाकेको छ। पश्चिमा मुलुकहरूले म्यान्माका सैनिक नेतृत्वमाथि प्रतिबन्धहरू घोषणा गरेका छन्।

अस्पताल स्रोतका अनुसार मध्य म्यान्माको शहरमा चार व्यक्तिको गोली लागेर मृत्यु भएको छ। देशको दोस्रो ठूलो शहर मन्डालेमा पनि दुई व्यक्तिको गोली लागेर मृत्यु भएको अस्पताल स्रोतले बताएको छ।

एक चिकित्सकले नाम नबताउने शर्तमा मन्डालेमा मारिएका एक व्यक्तिको टाउकोमा गोली लागेको बताएका छन्। देशको मिङ्यान शहरको प्रदर्शन पनि निकै हिंसात्मक बनेको थियो। ती चिकित्सकका अनुसार सुरक्षाकर्मीले अश्रुग्यास, रबरको गोली प्रहार गरेका थिए। उक्त घटनामा कम्तीमा १० जना घाइते भएका छन्। म्यान्माको सबैभन्दा ठूलो शहर याङ्गुनमा बुधवार पनि प्रदर्शनहरू जारी छन्।

सैनिकले सत्ता कब्जा गरेपछि आइतवारको दिन सबैभन्दा रक्तपातपूर्ण रहेको थियो। राष्ट्रसङ्घका अनुसार देशका विभिन्न भागमा आइतवार एकै दिन कम्तीमा १८ जनाको मृत्यु भएको थियो।

देशका विभिन्न भागमा सुरक्षा फौजले पत्रकारहरू र नागरिक समाजका व्यक्तिहरूलाई पनि धरपकड गरेको छ। रासस

## भारतमा एक करोड ११ लाख भन्दा बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १९ फागुन/सिन्हवा

भारतमा गत २४ घण्टामा १४ हजार ९८९ जना कोरोना सङ्क्रमित थपिएपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ११ लाख ३९ हजार पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ९८ जनाको मृत्यु भएपछि भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५७ हजार ३४६ पुगेको छ। हाल भारतमा एक लाख ७० हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् भने एक करोड आठ लाख १२ हजारभन्दा बढी कोरोनामुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोभिड–१९ विरुद्धको खोप कार्यक्रम शुरू भएको छ। सो दिनदेखि शुक्रवारसम्म एक करोड ५६ लाखभन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायः स्वास्थ्यकर्मी र प्रत्यक्षरूपमा सार्वजनिक क्रियाकलापसँग सम्बन्धित व्यक्तिहरू रहेका छन्।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड–१९ परीक्षणलाई तीव्रता दिने बताएको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले मङ्गलवारसम्म देशभर २१ करोड ८४ लाख ३२ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। मङ्गलवार एकै दिनमा मात्र सात लाख ८५ हजार २२० जना व्यक्तिको कोभिड–१९ परीक्षण गरेको जनाइएको छ।

भारतमा गत सोमवारबाट ६० वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप लगाइने कार्यक्रम शुरू भएको छ। त्यसैगरी, दीर्घरोगी छन् भने ४५ वर्षमाथिकालाई पनि कोरोना भाइरसविरुद्धको खोप शुरू गरिएको अधिकारीको भनाइ छ। रासस

## इबोलाबाट ११ जनाको मृत्यु

आदिस अबाबा, १९ फागुन/सिन्हवा

अफ्रिकी देशहरू कङ्गो र गुयनामा इबोलाका नयाँ सङ्क्रमितहरू भेटिएको बताइएको छ।

ती देशमा पछिल्ला केही दिनयता २८ जना व्यक्तिमा इबोलाको सङ्क्रमण भेटिएको बताइएको हो। अफ्रिकन सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनले मङ्गलवार सो कुराको जानकारी दिएको हो। सो डिआरसीले दिएको रिपोर्ट अनुसार यस प्रकोपबाट ११ जनाको निधन भएको छ।

कङ्गोमा ११ जना इबोलाका बिरामी भेटिएका छन्। तीमध्ये चारजनाको निधन भएको छ। त्यसैगरी, गुयनामा १७ जनामा इबोलाको सङ्क्रमण भेटिएको थियो। त्यसैगरी, गुयनामा सातजनाको निधन भएको थियो।

सन् २०१४ मा पश्चिम अफ्रिकामा इबोला भाइरसको प्रकोप पाइएको थियो। त्यसमा परेर कम्तीमा पनि १३ हजार मानिसको ज्यान गएको थियो। अहिले पनि अफ्रिकामा यस भाइरसका सङ्क्रमितहरू भेटिन थालेका छन्। रासस

## अमेरिकी सेना रहेको इराकी अखडामा १० वटा रकेट प्रहार

बग्दाद, १९ फागुन/एएफपी

पश्चिमी इराकमा रहेको अमेरिकी


क्षेप्यास्त्र प्रहारबाट भएको आगलागी। तस्वीरः रायटर्स

सेनाको एउटा अखडालाई लक्षित गरी बुधवार कम्तीमा १० वटा क्षेप्यास्त्र प्रहार गरिएको छ। पोप फ्रान्सिसको इराक भ्रमणको दुई दिनअघि अमेरिकी सेना लक्षित आक्रमण भएको छ।

इराकमा सक्रिय इस्लामिक स्टेट समूहविरुद्धको कारबाईमा इराकी सेनालाई सघाउन अमेरिकी नेतृत्वमा अइन अल–असद सैन्य अखडामा अमेरिकी र इराकी सेना रहेका छन्।

अमेरिकी सेनाका प्रवक्ता कर्णेल वाइने मारोटोले बिहान ७:२० बजे सैन्य शिविरलाई लक्षित गरी १० वटा क्षेप्यास्त्र प्रहार भएको पुष्टि गरे।

इराकी सुरक्षा स्रोतले क्षेप्यास्त्रहरू इरानमा निर्मित अराश मोडेलका रहेको बताएको छ। यी क्षेप्यास्त्रहरू १२२ एमएम आर्टिलरी रकेट र केही भारी किसिमका रहेका छन्। रासस

## दक्षिण सुडानमा विमान दुर्घटना, १० जनाको मृत्यु

जुबा, १९ फागुन/एएफपी

दक्षिण सुडानको जोङ्गलाई राज्यमा मङ्गलवार विमान दुर्घटना हुँदा चालक दलका दुईजना सदस्यसहित दशजनाको घटनास्थलमैं मृत्यु भएको छ।

राज्यका गभर्नर डेनाई जक चागोरले एक वक्तव्य प्रकाशन गरी सुडान सुप्रिम एयरलाइन्सको एचके–४२७४ नम्बरको विमान दुर्घटनाग्रस्त भएको खबर थाहा पाउँदा आफूलाई निकै दुःख लागेको बताएका छन्। उनले विमानमा सवार दुईजना पाइलटसहित दश व्यक्तिको मृत्यु भएको जानकारी दिए। रासस


### विपश्यना ध्यान शिविर सञ्चालनसम्बन्धी सूचना

यही २०७७ चैत १९ देखि ३० गते (२०२१ अप्रिल २ देखि १३)सम्म धम्म तराई विपश्यना ध्यान केन्द्र वीरगंज परवानीपुरमा १० दिवसीय विपश्यना ध्यान शिविर सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरूले सम्पर्क राखी धर्मको लाभ लिनुहुन अनुरोध गरिन्छ।

सम्पर्क

स्थानः– वीरगंज महानगरपालिका वडा नं. २१, परवानीपुर

कार्यालय फोन नं ०५१–५२३१५२, ०५१–५२१८८४

मोबाइल नं ९८०४२४४५७६, ९८५५०२३४८५, ९८०२९२९९७९, ९८५५०२२२१४

email- tarai@dhamma.org.np, website- www.dhamma.org.np


## तीनवटा सम्पदा पुनर्स्थापना तथा पुनर्निर्माणको लागि सम्झौता

प्रस, वीरगंज, १९ फागुन/

भारतीय दूतावासको विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रमुख र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय परियोजना कार्यान्वयन एकाइका परियोजना निर्देशकले बुधवार थप तीनवटा सम्पदाको पुनर्स्थापना तथा पुनर्निर्माणको लागि सम्झौतापत्र र ठेक्का सम्झौतामा हस्ताक्षर गरेका छन्।


तस्वीरः सौजन्य

भारतीय दूतावासले जनाए अनुसार सम्झौता भएका तीन सांस्कृतिक सम्पदा परियोजनामा ललितपुरस्थित ज्येष्ठ वर्ण महाबिहार तथा सिन्धुपाल्चोकस्थित सुलीझ्याङ गुम्बा र शेरमाथाङ गुम्बा पुनर्स्थापना तथा पुनर्निर्माणका लागि हस्ताक्षर भएको छ। यी सम्पदाहरू २०७२ सालको विनाशकारी भूकम्पमा क्षतिग्रस्त भएका थिए।

भारत सरकारको पुनर्निर्माण अनुदान कार्यक्रम अन्तर्गत २४ करोड ६० लाख लागतमा तीनवटै सम्पदाको पुनर्निर्माण गरिने बताइएको छ। भारतले नेपालका ८ जिल्लामा २८ वटा सांस्कृतिक सम्पदाको संरक्षण, पुनर्निर्माणका लागि नेरु ५ अर्ब ८० करोड सहयोग गर्ने प्रतिबद्धता गरे अनुसार यो काम भएको भारतीय दूतावासले जनाएको छ। २८ वटा सांस्कृतिक परियोजनामध्ये योसहित ६ वटा परियोजनाको ठेक्का हस्तान्तरण भइसकेको छ।

यसअघि पनि तीनवटा परियोजनाको ठेक्का हस्तान्तरण गरिएको दूतावासले जनाएको छ।

## लागूऔषधसहित दुई नाबालक पक्राउ

प्रस, रौतहट, १९ फागुन/

रौतहट प्रहरीले लागूऔषधसहित दुईजना भारतीय नाबालकलाई पक्राउ गरेको छ। जिप्रका रौतहट र प्रहरी चौकी लक्ष्मीपुर बेलबिछवाको संयुक्त प्रहरी टोलीले दुईजना भारतीय नाबालकलाई लागूऔषधसहित राजदेवी नगरपालिका–८ लक्ष्मीपुरबाट पक्राउ गरेको जिप्रका रौतहटले जनाएको छ।

साइकलबाट नेपाल प्रवेश गरेका भारत, सीतामढी निवासी १८ वर्षीय निखिलकुमार श्रीवास्तव र श्यामकुमार यादवलाई लागूऔषध नुरफिन, फेनारगन, डाइजेपामसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले बरामद भएको लागूऔषध ५४० थान रहेको र उनीहरूलाई कसूर अनुसारको सजायको लागि रौतहट जिल्ला अदालतमा पेश गरी म्याद थप गरिएको बताएको छ।

## हेमनारायण चौधरीको निधन

प्रस, पंचगावाँ, १९ फागुन/

थारू कल्याणकारिणी समिति, पर्साका अध्यक्ष हेमनारायण चौधरीको बुधवार बिहान निधन भएको छ। वीरगंज–२३ स्थित वयोधा अस्पतालमा चौधरीको निधन भएको हो।

७८ वर्षीय चौधरी केही समयदेखि मुटु र दम रोगबाट पीडित थिए। पटेर्वासुगौली गापास्थित घरमा अस्वस्थ भएपछि उनलाई वयोधा अस्पतालमा भर्ना गरिएको र आज बिहान तीन बजे निधन भएको हो।

स्व चौधरी पटेर्वासुगौली गापाका अध्यक्ष हरिनारायण चौधरीका पिता हुन्। लामो समय राजनीतिमा सक्रिय



रहेका चौधरी एक दशकदेखि थारू कल्याणकारिणी समितिका अध्यक्ष रहेर समाजसेवामा लागेका थिए।

## बिहीवार देशभरका अदालतमा शोक बिदा

काठमाडौं, १९ फागुन/रासस

सर्वोच्च अदालतको बुधवार बसेको आकस्मिक पूर्ण बैठकले पूर्वप्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहको निधनमा शोक मनाउन बिहीवार देशभरका अदालतमा शोक बिदा दिने निर्णय गरेको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित सर्वोच्च अदालतमा सबै न्यायाधीशको पूर्ण बैठकले बिहीवार एक दिन सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत एवं अन्य अदालत र न्यायाधीकरणलाई शोक बिदा दिने निर्णय गरेको सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले जानकारी दिए। पूर्वप्रधानन्यायाधीश सिंहको यही फागुन १८ गते साँझ निधन भएको थियो। सर्लाही जिल्लामा १९८८ फागुन ३ गते जन्मेका सिंहले २०१० सालदेखि सरकारी सेवामा अप्रिन्टिसको पदबाट सेवा प्रारम्भ गरी २०५२ असोज १० गते प्रधानन्यायाधीश पदमा नियुक्त भएका थिए। उनले २०५३ फागुन ३ गतेसम्म प्रधानन्यायाधीशका रूपमा काम गरेका थिए।

संविधान र कानूनका क्षेत्रमा दखल राख्ने निर्भीक, अत्यन्त मिलनसार स्वभावका स्व सिंह न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व थिए। उनको निधनले देशले एउटा सच्चा न्यायप्रेमी गुमाएको सर्वोच्च अदालतले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### वारेकोटमा भेटिए....

भरिपूर्ण वारेकोटमा तीन दिन लगाएर गरिएको अध्ययनबाट सो तथ्य पत्ता लागेको हो।

रेड पाण्डा नेटवर्कको आर्थिक सहयोग र डाँफे युवा क्लबको साझेदारीमा रेड पाण्डा नेटवर्कका संयोजक सरोज श्रेष्ठ, चितवन बर्ड सोसाइटीका अध्यक्ष रमेश चौधरी, शिक्षक कालीबहादुर थापा, सामुदायिक वनका वनरक्षकसहितको टोलीले वडा नं १ का कोल्ली खोला, रामीडाँडा, आग्रखोला, नीलापारा, ध्यापा टाकुर, वडा नं २ को लिम्सा जङ्गल, वडा नं ४ का मैना, जम्काखोला, कलेवारी, मारेपानी, जङ्गल तल्कोट, रतनकोट, पाखा, धाउखानीलगायत जङ्गलमा अध्ययन गरिएको थियो।

रामीडाँडाको कोटेली खोलादेखि छेडासम्म ४० जातका चराचुरुङ्गी पाइएको पक्षी संरक्षक गोविन्दबहादुर सिंहले जानकारी दिए।

मैनाको कलेवारी सामुदायिक वन अन्तर्गतको झम्खोलाको एक हजार ८९१ मिटरदेखि कलेवारी दुई हजार ३०९ मिटर हुँदै तलकोटसम्म अनुगमन गर्दा ३८ जातका चरा तथा रामीडाँडाको लिम्साको देउल, दोमिल्दा हुँदै पुनः खोलासम्म १० थरीका चरा फेला परेका थिए। वारेकोट मात्र नभएर जाजरकोट चराको नमूना क्षेत्र नै भएको केसीले बताए।


Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653


### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | नारीसुख | वृष | शत्रुभय |
| मिथुन | सुसमाचार | कर्कट | उदरपीडा |
| सिंह | विजय | कन्या | कान्तिक्षय |
| तुला | भाग्योदय | वृश्चिक | बेचैनी |
| धनु | मनोरञ्जन | मकर | सफलता |
| कुम्भ | राज्यलाभ | मीन | रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



Sonu Sharma
(Motivational Speaker, Business Coach)
Coming Soon First Time In Birgunj, Nepal

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# वनकर्मीको मिलेमतोमा अवैध फर्निचर उद्योग

प्रस, पर्सागढी, १९ फागुन/

पर्सागढी नगरपालिका–३ पकडियामा अवैध तरीकाबाट फर्निचर उद्योग सञ्चालन भएको र उनीहरूसँग वनकर्मीको मिलेमतो भएको घटना सार्वजनिक भएको छ।


अवैध फर्निचर उद्योगबाट बरामद भएका काठ र औजार। तस्वीरः प्रतीक

फागुन १८ गते मङ्गलवार एउटा फर्निचर उद्योगमा सबडिभिजन वन कार्यालय मधुवन मथवल, बढनिहारले छापामारी गर्दा वनकर्मीको संलग्नता पुष्टि भएको हो। स्थानीय वनकर्मीको संलग्नतामा फर्निचर उद्योगमा तस्करहरूले काठ पुऱ्याउने गरेको र उनीहरूबाट वनकर्मीले पटके रकम लिने गरेको प्रमाण फेला परेको छ। प्रतिटिप रु ३ हजार स्थानीय वनकर्मीले लिने गरेको प्रमाण फेला परेको हो। वनकर्मीले फर्निचर उद्योगबाट पटकेरूपमा रु ३ हजार लिने गरेको अडियो अहिले सार्वजनिक भएको छ।

लामो समयदेखि वन कार्यालयमा कार्यरत स्थानीय वनकर्मीहरूले यस्तो कार्य गर्दै आएको देखिएको छ। हिजो एउटा फर्निचर उद्योगबाट ७ फिटको गोलिया र १५ थान चिर्पट सबडिभिजन वन कार्यालय मधुवन मथवल बढनिहारले छापामारी बरामद गरेको थियो। स्थानीय एक घरमा वीरगंजका मानिसले फर्निचर उद्योग सञ्चालन गरेको वन कार्यालयले जनाएको छ। अहिले घरधनी र सञ्चालकको नाम खुलिसकेको छैन। सो ठाउँमा पलङ, कुर्सी, दराज बनाउने र बिक्री हुँदै आइरहेको थियो।

पर्सागढीमा यसरी ९ वटाभन्दा बढी फर्निचर उद्योग अवैधरूपमा सञ्चालित छन्। उनीहरू कहींकतै दर्ता पनि छैनन् र विनाबिलको कारोबार गर्दै आएका छन्।

अहिले वन कार्यालयले सोविरुद्ध अभियान चलाएपछि फर्निचर उद्योगबाट लाभ लिंदै आएका स्थानीय वनकर्मीहरूले युवाहरूलाई उक्साएर अभियान रोक्न दबाब सृजना गराएका छन्।

एकजना वन अधिकृतले छापामारीपछि स्थानीय वनकर्मीको उक्साहटमा युवाहरूले डर–धाक, धम्की दिन शुरू गरेको बताए। उनले स्थानीय वनकर्मीको संलग्नतामा अवैध फर्निचर उद्योग फस्टाएको र सोविरुद्ध अभियान शुरू गरेपछि यस प्रकारको कार्य भएको बताए।

# रक्सौलमा पेट्रोलियम पदार्थको चोरी बढ्यो


भारत, रक्सौलमा प्रदर्शन गर्दै भारतीय चालकहरू। तस्वीरः प्रतीक

प्रस, रक्सौल, १९ फागुन/

रक्सौल बाइपास सडक र आइसिपी वरपरको क्षेत्रमा पेट्रोलियम पदार्थको चोरी बढेको छ। भारतका विभिन्न स्थानबाट लामो दूरी तय गरी नेपाल आउने मालवाहक भारतीय ट्रकहरूबाट अहिले डिजेल चोरी बढेको छ।

बाइपास र आइसिपी क्षेत्रमा हुने डिजेलको चोरीविरुद्ध चालकहरूले रक्सौलमा प्रदर्शन गरेका छन्। उनीहरूले भारतका विभिन्न क्षेत्रबाट लामो दूरी तय गरेर आउँदा कहींकतै ट्रकबाट डिजेलको चोरी नहुने तर रक्सौलमा आएपछि डिजेलको चोरी बढेको भन्दै प्रशासनविरुद्ध प्रदर्शन गरेका हुन्। उनीहरूले चोरीमा संलग्नहरूलाई पक्राउ गरी कारबाईको माग पनि गरे।

एकजना ट्रकचालकले सडकखण्डमा लामबद्ध ट्रकहरूबाट दैनिक हजारौं लिटर डिजेल चोरी भइरहेको बताए। उनीहरूले आफ्नो गाडीबाट पनि अढाइसय लिटर डिजल चोरी भएको बताए। प्रदर्शनकारी चालकमध्ये जयकान्तले एकाबिहानैदेखि चोरी हुने गरेको बताए। चालकहरू सडकखण्डमा ट्रक राखेर बिहान नित्यक्रम गर्न गएको बेला चोरहरूले मौका छोपेर सो कार्य गरेको बताए। उनले ट्रक लामबद्ध रहने स्थानमा सुरक्षा व्यवस्था फितलो भएकोले चोरहरूले चोरी गर्न सकेको भन्दै सो स्थानमा सुरक्षा व्यवस्था कडा गर्न माग पनि गरे। चालक जयकान्तले डिजेल चोरीविरूद्ध आवाज उठाउँदा चोरहरूबाट कतिपय चालकहरू कुटपीटको शिकार भएको र त्यसमा प्रशासन मौन देखिएको भन्दै प्रदर्शनमा उत्रिनुपरेको बताए।

ट्रकचालक मनोहर पासवानले ट्रक सञ्चालकहरूले किलोमिटरको हिसाबले डिजेल उपलब्ध गराउने र चोरी हुँदा आफ्नो तलबभत्ताबाट कट्टा गर्ने हुँदा चालकहरू मर्कामा परेको बताए। उनले आफ्नो ट्रकबाट २ सय लिटर डिजेल चोरी भएको र थप डिजेल खरीद गर्ने पैसा नहुँदा समस्यामा परेको बताए। यस्तो समस्यामा पर्नेहरू थुप्रै चालकहरू भएको उनको बुझाइ छ। ट्रकचालकहरूले बिहान ६ बजेदेखि १० बजेसम्म ४ घण्टा सडक अवरूद्ध गरेका थिए। प्रदर्शनको क्रममा पनि प्रहरीहरू परिचालित भएनन्। अनुमण्डल प्रहरी अधिकारी आइपिएस सागर कुमारले डिजेल चोरीबारेमा आफूलाई भर्खरै थाहा भएको बताए। उनले अबका दिनमा चोरीका घटना हुन नदिन सम्बन्धित थाना अधिकारीहरूलाई निर्देशन गरेको र यसविरूद्ध प्रहरीले कडा कदम चाल्ने आश्वासन दिए।






### १ कट्ठा जग्गा....

कार्यालय, पर्सामा नामसारी गरी दान गरेका हुन्। सो जग्गामा छठपूजा हुँदै आएको थियो। जग्गादान कार्यक्रममा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्रप्रसाद यादव, सल्लाहकार अच्छेलाल यादव, समाजसेवी नागेन्द्र सिंह, जयकिशोर चौरसियालगायतको सहभागिता रहेको सचिव नरेश यादवले बताए।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## रनिङ शिल्ड प्रतियोगितामा गोल्डेन फयुचर र सगरमाथा मावि विजयी

प्रस, वीरगंज, १९ फागुन/

वीरगंजमा जारी दोस्रो मेयर कप रनिङ शिल्ड क्रिकेट प्रतियोगितामा गोल्डेन फ्युचर मावि र सगरमाथा मावि विजयी भएका छन्। आदर्शनगर रङ्गशालामा बुधवार पहिलो खेल गोल्डेन फ्युचर र सोलखपुर माविबीच भएकोमा गोल्डेन फ्युचर ३४ रनअन्तरले विजयी भएको हो।

टस जितेर पहिले ब्याटिङ गरेको गोल्डेन फ्युचरले निर्धारित २० ओभरको खेलमा ६ विकेटको क्षतिमा १७९ रन बनाएको थियो। १८० रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको सोलखपुरले १८ ओभर ५ बलमैं अलआउट भएर ८९ रन मात्रै बनायो।

दोस्रो खेल गौतम मावि र सगरमाथा माविबीच भएकोमा सगरमाथा मावि १३ रनअन्तरले विजयी भएको छ। टस जितेर ब्याटिङ रोजेको सगरमाथाले २० ओभर खेलमा १६ ओभर १ बलमा अलआउट हुँदै ७२ रन बनाएको थियो। जवाफमा गौतम माविले १५.६ ओभरमा सबै विकेट गुमाएर ५९ रनमा समेटियो।

पहिलो खेलको म्यान अफ दि म्याच गोल्डेन फ्युचरका रितिक भूषण र दोस्रो खेलको म्यान अफ दि म्याच गौतम माविका हिमांशु गुप्ता घोषित भएको वीरगंज महानगरपालिकाका खेलकूद निर्देशक प्रकाश शर्माले जानकारी दिए।

## पत्नीले पति बोकेर दौडिने

दमौली, १९ फागुन/रासस

नारी दिवसका अवसरमा तनहुँको देवघाट गाउँपालिकाले पत्नीले पति बोकेर दौडिने प्रतियोगिता आयोजना गर्ने भएको छ। एक सय एघारौं नारी दिवसका अवसरमा गाउँपालिकाले यही फागुन २४ गते सो प्रतियोगिता गर्न लागेको हो। देवघाट–५ स्थित कालिका माध्यमिक विद्यालयमा उक्त प्रतियोगिता आयोजना हुनेछ। उक्त दौड एक सय मिटरको हुने गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले जानकारी दिए।

गाउँपालिकाले नारी दिवसका अवसरमा विविध कार्यक्रम आयोजना गर्दैछ। त्यसमध्ये पति बोकेर दौडिने प्रतियोगिता नयाँखाले कार्यक्रम हो। तनहुँ जिल्लामा यसअघि केही वर्ष पहिले क्षेत्रीय होटल सङ्घ तनहुँले दमौलीमा पतिले पत्नी बोक्ने प्रतियोगिता आयोजना गरेको थियो।

## एलपिएल : हिमालयन ह्वाइट हाउसको जीत

सुदूरपश्चिम, १९ फागुन/रासस

धनगढीमा जारी 'लिटल फ्लावर प्रिमियर लिग' (एलपिएल) राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार भएको खेलमा काठमाडौंको हिमालय ह्वाइट हाउसले धनगढीको शारदा विद्या निकेतनलाई पराजित गरेको छ।

हिमालय ह्वाइट हाउसले शारदा विद्या निकेतनलाई ३५ रनअन्तरले पराजित गरेको हो। दुई खेलमा दोस्रो जीत निकालेको हिमालय ह्वाइट हाउस प्रतियोगिताको सेमिफाइनल नजीक पुगेको छ। टस जितेर ब्याटिङ पहिले गरेको ह्वाइट हाउसले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १९२ रन बनायो। उसका लागि दीपक बोहराले ९३ र सुदीप बस्नेतले २३ रन बनाए। शारदाका अरुण धामीले दुई तथा नागराज सिंह र दीपक रोकायाले एक/एक विकेट लिए।

दोस्रो इनिङमा जवाफी ब्याटिङ गरेको शारदाले २० ओभरमा नौ विकेट गुमाउँदै १५७ रन मात्रै बनाउन सक्यो। शारदाका लागि दिनेश ओडले ९० र अर्जुन साउदले २३ रन बनाए। ह्वाइट हाउसको जीतमा सन्दीप जङ्ग शाहीले चार र रजत तिमिल्सिनाले दुई विकेट लिए।

आजै भएको अर्को खेलमा कैलालीको बालवाटिकाले बुटवलको न्यू एकेडेमीलाई ६ विकेटले पराजित गऱ्यो। टस जितेर पहिले ब्याटिङ गरेको न्यू एकेडेमीले १९ ओभर तीन बलमा सबै विकेट गुमाउँदै १११ रन जोडेको थियो।

न्यू एकेडेमीका लागि लोकेश जोशीले अर्धशतकीय इनिङ्स खेले। उनले ५१ रनको अर्धशतकीय इनिङ्स खेले पनि टोलीको जीतका लागि पर्याप्त हुन सकेन। न्यू एकेडेमीका लागि समीर विष्टले १२ रन जोड्दा अन्य ब्याट्सम्यानले भने दोहोरो अङ्कको रन बनाउन सकेनन्।

बलिङतर्फ बालवाटिका लागि कमल कुँवरले तीन विकेट लिए। त्यस्तै, हिमाल मल्ल, विशाल विक्रम केसी र हेमन्त बुढाले समान दुई/दुई विकेट लिए। कमल ओलीले एक विकेट लिए। न्यू एकेडेमीले दिएको ११२ रनमा लक्ष्य पछ्याएको बालवाटिकाले १८ ओभर तीन बलमा लक्ष्य भेट्टायो। बालवाटिकाको जीतमा कमल ओलीले अविजित ३९, अभिषेक साउदले ३३ र विराटसिंह भण्डारीले ३० रनको योगदान दिए। बलिङतर्फ न्यू एकेडेमीका लागि सुमित पराजुली र सुबेस रावलले एक/एक विकेट लिए। प्रतियोगितामा देशभरका १६ विद्यालयको सहभागिता थियो।

# गहुँबालीमा लाही कीराको प्रकोप

प्रस, पोखरिया, १९ फागुन/




पर्सा जिल्लामा गहुँखेती गरेका किसानहरू अहिले लाही कीराका कारण समस्यामा परेका छन्।

खासगरी गहुँबाली हुर्केर बाला लाग्ने बेलामा लाही कीरा लाग्न शुरू भएको हो। पर्सा जिल्लाभरिका गहुँखेतमा अहिले लाहीको आतङ्क छ। लाही कीरा गहुँबालीका साथै तरकारीखेतीमा पनि देखा परेको छ। कालिकामाई गाउँपालिका–१ मुर्लीका किसान सुदीप चौरसियाले गहुँबालीका साथै काउलीखेतीमा पनि लाही कीराले समस्यामा पारेको बताए। उनले हाल कटान हुन बाँकी केही तोरीखेतीमा पनि लाही कीराले दुःख दिएको बताए।

पकाहामैनपुर गापाका कृषि प्राविधिक हरिनारायण चौधरीले गहुँको बाला लाग्ने बेलामा लाही कीराले बर्सेनि दुःख दिने गरेको र यसको निदानका लागि मित्रुखप्टे औषधि प्रयोग गर्नुपर्ने बताए। यसैगरी, उनले डायमेथोएट ३० प्रतिशत एक लिटर पानीमा मिसाएर छर्दा पनि लाही कीराको समस्याबाट निजात पाउने बताए। यसअलावा प्राकृतिक उपचारमा गाईको मूत्र पानीमा मिसाएर छर्कनाले पनि लाही कीरा हराउने बताए। प्राविधिक चौरसियाले पर्सा जिल्लाभरिका गहुँखेती गरेका किसानले यो समस्या झेलिरहेको बताउँदै उपचार विधि अपनाएको खण्डमा समस्याको समाधान हुने सुझाए।

### भारतीय पक्षले ओरिया खोला....

नापी विभागसँग पहल गर्ने प्रस्ताव राखिएको र सोमा सहमति भएको प्रजिअ तामाङले बताए। प्रजिअ तामाङले सो कार्य सम्पन्न नहुन्जेल तत्काल भारतीय पक्षबाट भइरहेको उत्खनन रोक्न भारतीय एसडिएमले सहमति जनाएको कारण अहिले रोकिएको बताए। ओरिया नदीमा रहेको सीमास्तम्भ निर्माणका लागि नापी विभागका अधिकारीहरूले स्थलगत निरीक्षण गर्ने र सीमा निर्धारण गरेपछि आआफ्नो सीमामा वैध तरीकाबाट उत्खनन हुन दिने सहमति भएको छ।

यसअघि भारतीय पक्षले नेपाली भूमिमा प्रवेश गरी अनधिकृतरूपमा ओरिया नदीको उत्खनन गर्दै आएको थियो। वर्षौंदेखि भारतीय पक्षले सो कार्य गरेको र अहिले प्रशासनको प्रयासमा अवैध उत्खनन रोकिएपछि स्थानीय नेपाली खुशी भएका छन्। ओरिया नदीमा निजी आबादी जग्गा रहेका नेपालीहरू अहिले भारतीय पक्षबाट उत्खनन रोकिएपछि राहत महसूस गरिरहेका छन्। भारतीय पक्षले सो नदीमा बालुवा उत्खनन गरी बलजफ्ती लैजाने गरेको थियो। यस क्रममा लामो समयदेखि भारतीय पक्षको स्थानीय नेपाली र सुरक्षाकर्मीहरूसित झडप पनि हुँदै आएको थियो।

जगरनाथपुरका शिक्षक कारी चौधरीले निजी आबादी जग्गामा भारतीय पक्षबाट बलजफ्ती हुने गरेको उत्खनन रोकिएकोमा खुशी व्यक्त गरे। उनले प्रशासनको प्रयासको सराहना पनि गरे। शिक्षक चौधरीले भारतीय पक्षले आफ्नो भूमिबाट उत्खनन गर्ने वातावरण सृजना भए लामो समयदेखिको विवाद साम्य हुने बताए।

दुवै पक्षबीच सीमा निर्धारण गरेर उत्खनन हुनुपर्नेमा अहिलेसम्म सीमा विवादको कारण भारतीय पक्षले नेपाली भूमिमा प्रवेश गरेर नदीजन्य पदार्थको उत्खनन गर्दै आएको थियो।